# विपद्सँग जुध्न विद्यालयदेखि नै जनचेतना र व्यवहारिक अभ्यास गरिनुपर्ने

**२०७९ बैशाख १२**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव यादव कोइरालाले विपद् जोखिम न्यूनीकरणका योजनाबद्ध कार्यक्रम आवश्यक रहेको बताउनुभएको छ । २०७२ सालको भूकम्पको सम्झनामा राजधानीमा आयोजित कार्यक्रममा सचिव कोईरालाले विपद्सँग जुध्न विद्यालय स्तरदेखि नै जनचेतना र व्यवहारिक अभ्यास चाहिने बताउनुभएको हो ।




उहाँले राजधानी काठमाडौंका पचहत्तर प्रतिशत घरले भूकम्प धान्नसक्ने क्षमता नराख्ने भन्दै यी घरहरु बचाउन प्रबलीकरणमा जानुको विकल्प नभएको बताउनुभयो । विद्यालय र स्वास्थ्य चौंकी मात्र जोगाउन सक्यौं भने पनि धेरै मानिसको ज्यान बचाउन सकिने कोईरालाको धारणा थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्युनीकरणका प्रयासहरुमा ज्ञान आदानप्रदान अत्यन्त महत्वपूर्ण हुने बताउनुभयो । कार्यकारी प्रमुख पोखरेलले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सामूहिक प्रयास जरुरी भएकोमा पनि जोड दिनुभयो । सहभागीको प्रश्नको जवाफमा उहाँले प्राधिकरणले तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका महत्वपूर्ण कार्यविधिहरुलाई ग्रहण गरेको जानकारी गराउनु भयो ।

गृह मन्त्रालयका सहसचिव प्रदिप कोइरालाले राष्ट्रिय स्तरको खोज तथा उद्दार टोली गठनको प्रक्रिया जरुरी भएको बताउँदै योजनाबद्ध भू-उपयोग नीतिसहितका पुनर्निर्माण आवश्यक रहेको धारणा राख्नुभयो ।

तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले पुनर्निर्माणका अनुभवहरुबारे सहभागीहरुलाई अवगत गराउँदै आगामी दिनमा जोखिमलाई न्यूनीकरण गर्न स्थानीय जनता लगायत सम्पूर्ण सरोकारवालाहरु उत्थानशीलतातर्फ उन्मुख हुनुपर्नेमा जोड दिनुभयो ।

प्राधिकरणका सहसचिव अनिता निरौलाले विपद् जोखिम न्यूनीकरणका लागि जोखिमको जानकारी दिने सचेतना कार्यक्रमको अभियान, विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, स्वयम्सेवक परिचालन कार्यविधि निर्माण लगायतका प्राधिकरणले गरेका कामहरुबारे जानकारी दिनुभएको थियो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदका विज्ञ सदस्य डा. गंगालाल तुलाधारले विपद् जोखिम न्यूनीकरणमा सेन्डाइ फ्रेमवर्कले औंल्याएका चारवटा लक्ष्यहरुमध्येको एक जोखिमबाट मृत्यु हुने मानिसहरुको संख्या घटाउनुपर्ने लक्ष्य भेट्नका लागि आगामी प्रयासहरु केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । जुनसुकै विपदले क्षति मात्र ल्याउने नभई नयाँ नयाँ अवसरको पनि सिर्जना गर्ने भन्दै विज्ञ तुलाधरले विपदबारे अध्ययन गर्न चाहनेहरुका लागि अनुसन्धान केन्द्रहरु बनाईनुपर्ने धारणा व्यक्त गर्नुभयो । २०७२ सालको भूकम्पले पनि यस्तो अवसर दिएको तर राज्यका नेतृत्वकर्ताहरुले वेवास्ता गरेको उहाँको धारणा थियो ।

दातृ संस्थाका प्रतिनिधिहरुका तर्फबाट बोल्नुहुँदै विश्व बैकका हेमाङ करेलियाले उत्थानशील र सुरक्षित नेपालको वृहत कार्ययोजनामा प्रमुख दातृ निकायहरु सहकार्यको लागि तयार रहेको जानकारी दिनुभयो ।

सो अवसरमा तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलन, आवास पुनर्निर्माण र पुनर्लाभ सम्बन्धी नेपालमा आयोजना गरिएको एसिया सेल्टर फोरमको कार्यशाला गोष्ठीका दस्तावेजहरु लोकार्पण समेत गरियो ।



कार्यक्रममा सरकारी एवं विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।

२०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्पको सातौं वर्ष पूरा भएको सन्दर्भमा प्राधिकरणद्धारा **‘पुनर्निर्माण मार्फत उत्थानशीलताः गोरखा भूकम्पको सातौं वर्षको स्मरण’** कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रमको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चले संयोजन गरेको थियो ।